आज मिति २०७८।१२।३० गते बुधवारका दिन नगर प्रमुख श्री मंगल प्रसाद थारूज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठकमा निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहयो ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णू गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कूमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | टेकराज पन्थी | सचिव | |

आज मिति २०७८।१२।३० गते बुधवारका दिन नगर प्रमुख श्री मंगल प्रसाद थारूज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठकमा निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहयो ।

| क्र.सं. | नामथर | पदकोड | शाखा | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | बाबुराम भट्टराई | अधिकृत दशौं | शिक्षा, युवा तथा खेलकुद वि. शाखा | |
| २ | राज कुमार तिवारी | अधिकृत आठौं | पशु सेवा शाखा | |
| ३ | खिम ब. जि.सी. | अधिकृत आठौं | शिक्षा, युवा तथा खेलकुद वि. शाखा | |
| ४ | लेष बहादुर के.सी. | अधिकृत आठौं | कृषि विकास शाखा | |
| ५ | केशबराज भट्टराई | अधिकृत सातौं | प्रशासन शाखा | |
| ६ | केशबराज गैरे | अधिकृत सातौं | आर्थिक प्रशासन शाखा | |
| ७ | तेज बहादुर सोमै | अधिकृत सातौं | आर्यूवेद औषधालय | |
| ८ | शान्त राज आचार्य | अधिकृत सातौं | योजना शाखा | |
| ९ | सुरज घिमिरे | अधिकृत छैठौं | पूर्वाधार विकास शाखा | |
| १० | ठगराज पौडेल | अधिकृत छैठौं | स्वास्थ्य शाखा | |
| ११ | रामप्रसाद सापकोटा | अधिकृत छैठौं | प्रधानमन्त्री तथा लघु उद्यम शाखा | |
| १२ | मदन प्रसाद घिमिरे | अधिकृत छैठौं | राजस्व शाखा | |
| १३ | सुनिल श्रेष्ठ | अधिकृत छैठौं | भवन तथा शहरी विकास शाखा | |
| १४ | मिलन पोखे्रल | अधिकृत छैठौं | सूचना प्रविधी शाखा | |
| १५ | सन्तोष बहादुर थापा | सहायक पाँचौं | न्यायीक समिति सचिवालय | |
| १६ | लक्ष्मी पौडेल भट्टराई | सहायक पाँचौं | जिन्सि शाखा | |
| १७ | सुशिला पन्थ | सहायक पाँचौं | महिला तथा बालबालिका | |
| १८ | पुस्कर भुसाल | सहायक पाँचौं | पंजिकरण विशेष कार्यक्रम | |
| १९ | हरिना गाहा | सहायक चौथौ | पञ्जिकरण शाखा | |
| २० | सर्मिला राना | सहायक चौथौ | बहुक्षेत्रीय पोषण कार्यक्रम | |
| २१ | गोमा घिमिरे | सहायक चौथौ | सामी परियोजना | |
| 22 | दीपक थापा | सहायक पाँचौं | प्रशासन | |
| 23 | [illegible]नारायण प्र. पन्थी | का. स. | ″ | |
| 24 | [illegible]लाल पोखरेल | [illegible] | ″ | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७८।१२।३०

कार्यपालिका बैठकका प्रस्तावहरु-

१. जाँचपास फरफारक भुक्तानी र खर्चको अनुमोदन।

२. नमैया अधुरो नाला थप व्यवस्थापन (पूर्व स्विकृत ल.ई. र निर्माण कार्य)

३. नदीजन्य पदार्थको बाँकी बक्यौता भुक्तानी।

४. भवन तथा शहरी विकास शाखाको अभिलेखिकरण सम्बन्धमा।

५. प्रशासनिक भवनको छत मर्मतको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बजेट माग।

६. विविध

- २०७९ को स्थानीय विदा सम्बन्धमा।
- धार्मिक विद्यालय अनुमती सम्बन्धमा।
- मतगणना स्थलमा CCTV Camera जडान सम्बन्धमा।
- सामुदायिक भवनको योजना ब्रेकडाउन सम्बन्धमा।
- फोहोर प्रसोधन सम्बन्धमा
- नयाँ वर्षको शुभकामना

निर्णयहरुः-

निर्णय नं. १

चालु आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये हालसम्म जाँचपास तथा फरफारक भई भुक्तानी भएका र भुक्तानीको लागि पेश भएका योजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन एवं जाँचपास तथा फरफारक अनुमोदन गर्ने।

निर्णय नं. २

वडा नं. ९ मा रहेको नमैया नाला निर्माणको लागि स्वीकृत लगत ईस्टिमेट अनुसार काम गर्दै जाँदा नालीको वेस लगत ईस्टिमेट भन्दा गहिरो गरी निर्माण गर्नुपर्ने अवस्था रहेको र बेस गहिरो बनाउँदा नालीको हाईट बढाउनुपर्ने भएकोले बढाउनुपर्ने परिमाण बरावरको रकम रु.२लाख आन्तरीक स्रोतबाट व्यवस्थापन गर्ने गरी लगत ईस्टिमेट संसोधन गरी निर्माण कार्य गर्ने।

निर्णय नं. ३

आर्थिक वर्ष २०७७।७८ को नदीजन्य पदार्थको ठेक्का सम्झौता बमोजिम उत्खनन् गर्नबांकी रहेको नदीजन्य पदार्थको सम्बन्धमा उच्च अदालत तुल्सीपुर मुकामःबुटवलबाट भएको आदेश कार्यान्वयन गर्ने सन्दर्भमा यस बाणगङ्गा नगरपालिकाको ९वौं नगरसभा एवं १०औं नगरसभाको निर्णय बमोजिम एकिन भएको नदीजन्य पदार्थको परिमाण बमोजिम सम्बन्धीत ठेकेदारबाट भुक्तानी माग गर्न आएमा परिमाण बमोजिमको रकम एकिन गरी भुक्तानी उपलब्ध गराउने र उक्त परिमाण बमोजिम एकिन भएको रकम चित्त नबुझे वा एकिन भए अनुसारको रकम बुझ्न नआए आवश्यक निर्णयार्थ आगामी नगरसभामा पेश गर्ने।

निर्णय नं. ४

भवन तथा शहरी विकास शाखामा आ.व.०७८।७९ दर्ता नं. P184 मितिः २०७८।०९।३० गते दर्ता भएको फाईलको सन्दर्भमा बाणगगङ्गा नगरपालिका वडा नं. ७ को कार्यालयको च.नं. १८१९, मितिः२०७८।१२।०१ मा यस कार्यालयमा पठाएको सिफारिस पत्रको समेत अध्ययन गर्दा उक्त पत्रमा उल्लेख भएको अवस्था र प्राविधिक टोलीको अनुगमन जाँचबाट देखिएको अवस्था अनुसार उक्त घर वि.सं. २०७२ साल पछि नै निर्माण भएको देखिँदा यस नगरपालिकाको आर्थिक ऐन, २०७८ को अनुसूची-१४-२ अनुसारको राजस्व समेत लिईसकेकोले अभिलेखिकरण प्रमाणपत्र उपलब्ध गराउने।

निर्णय नं. ६

यस बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन को छत जिर्ण भई बेलाबेलामा छत झर्ने समस्या भएको र हावाहुरीका कारण टिन समेत केही स्थानमा उक्कीएकोले टिनको छाना निकाली माथिल्लो छत ढलाई गर्न उपयुक्त देखिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा छत निर्माणको लागि बजेट माग गर्ने।

## विविध निर्णय

- बाणगङ्गा नगरपालिका अन्तर्गत सबै कार्यालय र संघसंस्थाहरु समेत २०७९ वैशाख २ ग्रते स्थानीय विदा दिने ।
- बाणगङ्गा नगरपालिका अन्तर्गत वडा नं. ११ बाट श्री निदाया आईडियल स्कूल बनकट्टा नामको मदरशा सञ्चालन गर्ने अनुमति माग भई आएको र वडा नं. ९ कपिलधाममा कपिलमूनी बैदिक संस्कृत विद्यापिठ गुरुकुलम सञ्चालनको लागि अनुमति माग भई आएकोले शिक्षा शाखा प्रमुख श्री शिक्षा अधिकृतको संयोजकत्वमा निजले तोकेको अन्य २ सदस्य रहने गरी ३जनाको अध्ययन कार्यदल बनाउने र सोही कार्यदलले दिएको प्रतिवेदनको आधारमा प्रचलित कानून अनुसार उपयुक्त देखिएमा सञ्चालन अनुमति दिने ।
- स्थानीय निर्वाचन २०७९ को मतगणना प्रयोजनको लागि मतगणना स्थलमा नगरपालिकाको आन्तरीक स्रोबाट CCTV क्यामेरा जडान गर्ने ।
- आर्थिक वर्ष २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं.३११ मा रहेको सामुदायिक भवन निर्माण शिर्षकबाट तपसिल बमोजिमको वडाहरुमा निम्नानुसारको कार्यक्रमको लागि कार्यक्रम ब्रेकडाउन गर्ने ।

| सि.नं. | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | वडा नं. १ को बाणगङ्गा दलित सेवा समाजको अधुरो वाल निर्माण | २,००,०००।- |
| २ | वडा नं. ३ दलित सामुदायिक भवनमा शौचालन निर्माण | २,००,०००।- |
| ३ | वडा नं. ४ किरियापुत्री भवनको स्तरोन्नती | २,००,०००।- |
| ४ | वडा नं. ५ आदीवासी जनजातीको भवनमा सिंडी र शौचालय निर्माण | २,००,०००।- |
| ५ | वडा नं. ७ देउराली टोलको अधुरो खोपकेन्द्र तारवार | ५०,०००।- |
| ६ | वडा नं. ८ दलित सामुदायिक अधुरो भवन निर्माण | ३,००,०००।- |
| ७ | वडा नं. ९ कपिलधाममा शौचालय निर्माण | १,००,०००।- |
| ८ | वडा नं. ९ शिद्दवावा मन्दिर तारवार तथा संरक्षण | ५०,०००।- |
| ९ | वडा नं. ७ नवदुर्गा सामुदायिक भवन स्तरोन्नती | १,००,०००।- |

- यस बाणगङ्गा नगरपालिकाको फोहोर प्रसोधनको लागि Feri Envorinmental Service ले यस नगरपालिकामा प्रस्तावना पेश गरेको हुँदा ग्रामिण क्षेत्रमा साप्ताहिक सेवा सञ्चालन र शहरीक्षेत्रमा दैनिक सेवा सञ्चालनको लागि निम्नानुसारका शर्तहरुमा रही सम्झौता गर्ने ।
  - शहरी क्षेत्र मासिक रु.१००।- लिन पाउने ।
  - ग्रामिण क्षेत्रमा मासिक रु.५० लिन पाउने ।
  - फोहोर व्यवस्थापन गर्न नगरपालिकाबाट ट्र्याक्टर उपलब्ध गराउने ।
  - शौचालयको फोहर व्यवस्थापन गरिरहेको दुर्गामन्दिर सामुदायिक वनको उत्तरपट्टी वडा नं. १ र ४ को क्षेत्रमा ३ कट्ठा जमीन प्रयोगको लागि अनुमति उपलब्ध गराउने व्यवस्थापन नगरपालिकाले गर्ने ।
- नयाँ बर्ष २०७९ सालको सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा नयाँ उत्साह र उमंगसहित सुःख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं साथै नयाँ वर्ष २०७९ हामी सबैका लागि सुखद र उपलब्धिमूलक बन्न सकोस भन्ने कामना गर्दछौं ।